# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर ।

## मौजुदा सूची दर्ता/अद्यावधिक गर्ने बारे ।

**(प्रथम पटक प्रकाशन मितिः२०७४।०४।१२)**

यस बोर्डको लागि आर्थिक वर्ष २०७४/०७५ को लागि आवश्यक पर्ने तपशिलका सामान तथा सेवाहरु आपूर्ति गर्न ईच्छुक व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको व्यवस्थाअनुसार प्रत्येक समूहको लागि छुट्टाछुट्टै मौजुदा सूचीमा दर्ताका लागि बोर्डबाट तोकिएका शर्तहरुको अधिनमा रही प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र बोर्डको कार्यालयमा दर्ताको लागि निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **क) खरिद तथा आपूर्तितर्फः**<br>१. स्टेशनरी (मसलन्द) तथा विविध अफिस सर सामान<br>२. मेसिनरी उपकरण (कम्प्युटर, फोटोकपी, युपिएस, प्रोजेक्टर, सिसिटिभि तथा अन्य ईलेक्ट्रोनिक्स सामान, हाजिरी मेशिन)<br>३. ईलेक्ट्रिकल सामान<br>४. पत्रपत्रिका तथा पुस्तकहरु<br>५. पिउने पानी तथा पानी (टयांकरसमेत)<br>६. छपाइसम्बन्धी कार्य<br>७. अफिस फर्निचर<br>८. सवारी साधन आपूर्ति<br>९. सवारी साधनको पार्टपुर्जा<br>१०. उपहारका सामानहरु<br>११. पर्दा, सोफाका खोल, कार्पेट र गलैचा आपूर्ति सम्बन्धी कार्य<br>१२. विभिन्न तालिम, बैठक, सेमिनारका लागि लन्च बक्स (खाजा) तथा क्याटरिङ्ग सेवा | **ख) मर्मत तथा संभारतर्फः**<br>१. सवारी साधन(कार, जीप र मोटरसाईकल) तथा पार्टपुर्जा मर्मत<br>२. कम्प्युटर, ल्यापटप, फोटोकपी मेशिन, टोनर, प्रिन्टर, फ्याक्स, प्रोजेक्टर, टेलिफोन, युपिएस, पिएबिएक्स आदि मर्मत तथा जडान<br>३. नेटवर्क वायरिङ्ग (केबुलिङ्ग) तथा इलेक्टिक वायरिङ्ग सम्बन्धी कार्य<br>४. कार्यालय फर्निचर मर्मत<br>५. विद्युतीय सामान, विद्युत मर्मत तथा जडान<br>६. विद्युतीय सामान (पंखा, हिटर, जेनेरेटर, एयर कन्डिसन्स, सिसिटिभि, डोरलक, पानी तान्ने पम्पलगायतका अन्य सामानहरु) मर्मत<br>७. निर्माण तथा भौतिक संरचना<br>८. रंगरोगन, पार्टिशनसम्बन्धी, बाथरुमको सामान, धारा, खानेपानी सप्लाई तथा मर्मत सम्बन्धी कार्यहरु |
| **ग) सेवातर्फः**<br>१. विज्ञापन प्रकाशन तथा प्रशारण सम्बन्धी कार्य<br>२. चिठीपत्र पार्सल ढुवानी सम्बन्धी कुरियर सेवा<br>३. ट्राभल एजेन्सीहरु (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाईटिकट)<br>४. सम्पत्ति बीमा, जीवन बीमा, स्वास्थ्य बीमा र दुर्घटना बीमा<br>५. सुरक्षा गार्ड सम्बन्धी सेवा<br>६. कम्प्युटर सम्बन्धी तालिम<br>७. कार्यालय सरसफाई<br>८. लिज लाईन, ईन्टरनेट सेवा तथा वेबसाईट होस्टिङ्ग | **घ) परामर्श तथा अन्य सेवातर्फः**<br>१. पूँजीबजार सम्बन्धी अध्ययन अनुसन्धान<br>२. धितोपत्र कारोवार सम्बन्धी कानूनी परामर्श<br>३. सूचना प्रविधि सम्बन्धी विभिन्न सेवा<br>४. आन्तरिक लेखापरीक्षण सम्बन्धी<br>५. ट्रान्सलेसन सेवा (नेपालीबाट अंग्रेजी तथा अंग्रेजीबाट नेपालीमा रुपान्तरण)<br>६. सम्पादन सम्बन्धी, प्रशिक्षकीय सेवा |

**प्रशासन शाखा**

**सर्म्पक नं : ५५४१०५७, ५०००१०७**

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजात (कागजात नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदनसाथ पेश गर्नुपर्नेछ ।)**

१. कम्पनी, संस्था वा फर्म दर्ताको प्रमाणित प्रतिलिपि ।
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (मू. अ. करमा दर्ता हुन नपर्ने भएमा सो खुल्ने आधिकारीक कागजात) ।
३. आर्थिक वर्ष २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
४. फर्म/कम्पनी कुनै सामग्री आधिकारिक वितरक भएमा सोको प्रमाणित प्रतिलिपि ।
५. फर्म/कम्पनीले प्रस्तावको साथ आफ्नो फर्म/कम्पनीको प्रोफाइल ।
६. सार्वजनिक खरिद कार्यका लागि आफु अयोग्य नभएको स्वघोषणापत्र ।
७. परामर्श तथा अन्य सेवा तर्फ सुचीकृत हुन चाहने व्यक्ति तथा संस्थाले सो सम्बन्धी कार्य गरेको अनुभवको कागजात पेश गर्नुपर्नेछ ।
८. आ.व. २०७२।०७३ भित्र काठमाडौंस्थित सरकारी संघसंस्था, बैंक तथा वित्तीय संस्थामा सम्बन्धित मालसामान वा सेवा आपूर्ति गरेको अनुभव खुल्ने कागजात ।

**अन्य व्यवस्थाहरुः**

१. फर्म/कम्पनीको चालू अवस्थाको कार्यालय रहेको हुनुपर्नेछ र आवश्यक्तानुसार बोर्डबाट फर्म/कम्पनीको स्थलगत निरीक्षण गर्न सकिनेछ ।
२. आ.ब. २०७३।०७४ मा बोर्डको मौजुदा सूचीमा सूचिकृत रहेका संस्थाले मौजुदा सूचीमा अद्यावधिक गरिपाउन आ.ब. २०७२।०७३ को कर चुक्ता गरेको प्रमाण सहितको निवेदन मात्र पेश गरे हुनेछ ।
३. आवेदकले आपूर्ति गरेको अनुभवको आधारमा एउटा मात्र मालसामान आपूर्तिको लागि सूचीकरण गर्न सकिनेछ ।
४. बोर्डमा पेश हुन आएका प्रस्तावहरु कुनै कारण देखाई वा नदेखाई स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बोर्डमा निहित हुनेछ ।
५. स्वीकृत भएका व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुको सूची यस बोर्डको वेबसाइटमा प्रकाशित गरिनेछ ।
६. मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उप नियम (१) सँग सम्बन्धित अनुसूची २(क) बमोजिमको ढाँचामा हुनुपर्नेछ र उक्त निवेदन बोर्डको वेबसाइट www.sebon.gov.np बाट वा बोर्डको प्रशासन शाखामा सम्पर्क गरी प्राप्त गर्न पनि सकिनेछ । साथै सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसूची-२क**

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

# मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा

श्री नेपाल धितोपत्र बोर्ड, मितिः.........................

जावलाखेल, ललितपुर ।

विषय : मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्टयाई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुनको लागि यो निवेदन पेश गरेको छु ।

तपशिलः

| | |
|---|---|
| **१. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण :** | |
| (क) नाम : | (ख) ठेगाना : |
| (ग) पत्राचार गर्ने ठेगाना : | (घ) मुख्य व्यक्तिको नाम : |
| (ङ) टेलिफोन नं. : | च) मोबाईल नं. : |
| **२. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला ।** | |
| क) कम्पनी, संस्था वा फर्म दर्ताको प्रमाणित प्रतिलिपि | छ ☐ छैन ☐ |
| (ख) कम्पनी, संस्था वा फर्म नविकरण गरिएको | छ ☐ छैन ☐ |
| (ग) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | छ ☐ छैन ☐ |
| (घ) आर्थिक वर्ष २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | छ ☐ छैन ☐ |
| (ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रमाणित प्रतिलिपि | छ ☐ छैन ☐ |
| (च) सार्वजनिक खरिद कार्यका लागि आफु अयोग्य नभएको स्वघोषणापत्र | छ ☐ छैन ☐ |
| (छ) फर्म/कम्पनीले प्रस्तावको साथ आफ्नो फर्म/कम्पनीको प्रोफाइल, | छ ☐ छैन ☐ |
| **३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण :** | |
| **(क) खरिद तथा आपूर्तितर्फः** (मालसामानको प्रकृति समेत स्पष्ट खुलाई उल्लेख गर्ने) | **(ख) मर्मत तथा संभारतर्फः**(मर्मत संभारको प्रकृति समेत स्पष्ट खुलाई उल्लेख गर्ने) |
| **(ग) सेवातर्फ :** (सेवाको प्रकृति समेत स्पष्ट खुलाई उल्लेख गर्ने) | **(घ) परामर्श तथा अन्य सेवातर्फ :** (अन्य सेवाको प्रकृति स्पष्ट खुलाई उल्लेख गर्ने) |
| **निवेदकको नाम :**<br>**निवेदन दिएको मिति :**<br>**आ. व. :**<br>**हस्ताक्षर :** | फर्मको छाप : |

*(नोटः कागजात नोटरी पब्लिकबाट प्रमाणित गराई यसै निवेदनसाथ पेश गर्नुपर्नेछ ।)*